# पूर्वीय दर्शनमा भौतिकवाद

**जनक वि.क.**
शान्तिनगर-३ भलानेटी, दाङ
ईमेलः bkjanak079gmail.com

**Received Date**: Dec 22, 2024 **Reviewed Date**: Jan 3, 2025 **Accepted Date**: Feb 1, 2025

***लेखसार***

*पूर्वीय दर्शन भनेर खास गरेर भारतीय दर्शनहरूलाई नै प्रचारमा लिने गरिएको पाइन्छ । तर त्यसो नभएर एसिया र अरब क्षेत्रमा हुर्किएका समग्र दर्शनहरू नै पूर्वीय दर्शनभित्र पर्दछन् । पूर्वीय दर्शनअन्तर्गत पर्ने भौतिकवादी र द्वन्द्ववादी दृष्टिकोण राख्ने दर्शनहरू नै पूर्वीय दर्शन भित्रका भौतिकवादी दर्शनहरू हुन् । यो शोधलेख पूर्वीय दर्शनमा भौतिकवादसँग सम्बन्धित रहेको छ । खास गरेर पूर्वीय दर्शनहरूभित्र पर्ने दर्शनहरूमा भौतिकवादी दृष्टिकोणहरू कहाँ कहाँ छन् भनी खोजी गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ । यो शोधलेख निगमन विधिमा आधारित छ । यसमा पूर्वीय दर्शनभित्र भौतिकवादको विषयमा प्रस्तुत गरिएको सन्दर्भसामग्रीको अध्ययन गरी निगमन विधिको आधारमा व्याख्या विश्लेषण र सङ्क्षपीकरण गरी तयार पारिएको छ । पूर्वीय दर्शनमा भौतिकवादी दृष्टिकोणको उजागर नहुँदा कर्मकाण्ड र ब्राह्मणवादसँग जोडेर हेरिन्छ । पूर्वीय दर्शनभित्रका उद्दालकको दर्शन, साङ्ख्य दर्शन, चार्वाक दर्शन र वैशेषिक दर्शन भौतिकवादी दर्शनका रूपमा लिइन्छ । एउटा समयसम्म बौद्ध र जैन दर्शनहरू भौतिकवादी नै थिए । सत्ता र धर्मको गठजोडले गर्दा अध्यात्मवादी दर्शनको कित्तामा पुगेका थिए । त्यसका अलावा वैदिक, वेदान्त, न्याय र मीमांसा दर्शनहरूको प्रारम्भिक कालमा पनि भौतिकवादका प्रशस्त दृष्टिकोणहरू पाइन्छन् । अझ भारतवर्षबाहेकका क्षेत्रमा हुर्किएका ताओवाद र इस्लामिक लगायतका दर्शनहरूमा पनि भौतिकवादी दृष्टिकोणहरू भेटिन्छन् । यही विषयलाई सङ्क्षिप्तमा प्रस्तुत गर्नु र पूर्वीय दर्शनभित्रका भौतिकवादी दृष्टिकोणहरूलाई रक्षा, विकास र रूपान्तरण गर्नु आवश्यक छ, जसले गर्दा दर्शनको वास्तविक स्वरूप पुनःस्थापित गर्न सकिन्छ ।*

**शब्दकुञ्जी** : दर्शन, भौतिकवाद, अध्यात्मिक, दृष्टिकोण, रूपान्तरण

**समस्याको कथन**

खास गरेर पूर्वीय दर्शनलाई आध्यात्मिक तथा धार्मिक दृष्टिकोणले मात्र हेर्ने गरिएको छ। विश्वमा भौतिकवादी दृष्टिकोण राख्नेहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको देखिन्छ। विकिपेडियामा प्रकाशित वर्ल्डवाइज इन्डिपेन्डेन्ट नेटवर्क र गालुप इन्टरनेश्नल एसोसिएसनको पहिलो प्रतिवेदनअनुसार नास्तिकको सङ्ख्या बढ्दै गइरहेको देखिन्छ। (विकल्प, २०८१, पृ. १२९) ती तमाम मान्छेहरू भौतिकवादमै चासो राख्ने हुन्। बढ्दो भौतिकवादी दुनियाँमा पूर्वीय सभ्यताको वास्तविक इतिहास जनमानसमा प्रचारित नहुँदा पूर्वीय दर्शनलाई कर्मकाण्डीय दर्शनको रूपमा मात्र बुझ्ने चलन बढ्दो रूपमा देखिएको छ। यस शोधलेखमा पूर्वीय दर्शनमा भौतिकवादी दर्शनको उपस्थिति प्रमाणित गर्ने प्रयास गरिएको छ साथै यसले भौतिकवादी दर्शनको रक्षा, विकास र रूपान्तरण आवश्यक किन छ भन्ने विषयलाई पनि केन्द्रीय समस्याका रूपमा उठाएको छ। यदि पूर्वीय सभ्यताका भौतिकवादी पक्षलाई

पुनः उजागर गर्न सकियो भने भौतिकवादी दर्शनको स्रोत पश्चिम मात्र नभएर पूर्व पनि हो भन्ने महत्त्वपूर्ण सत्य आम जनमानसमा स्थापित गर्न सकिन्छ ।

**लेखका उद्देश्यहरू**

प्रस्तुत शोधलेखको निम्न उद्देश्यहरू रहेका छन् ः

- पूर्वीय दर्शनभित्र भौतिकवादी दर्शनहरू पनि छन् भन्ने कुराको पुष्टि गर्नु,
- पूर्वीय दर्शनमा भौतिकवादी दर्शनको रक्षा, विकास र रूपान्तरणको आवश्यकता औंल्याउनु ।

**परिचय**

दर्शन भनेको सत्यको खोजी, वास्तविकताको गहिरो अन्वेषण र जीवन, ब्रह्माण्ड तथा अस्तित्वको स्वरूपलाई बौद्धिक दृष्टिले बुझ्ने, अध्ययन गर्ने विधा हो । यसले अस्तित्व, ज्ञान, नैतिकता, तर्क र हरेक वस्तुको गहिरो अन्वेषण गर्ने गर्दछ । मूलतः भारतीय उपमहाद्विप, एसिया क्षेत्र र अरब क्षेत्रसमेतमा विकास भएका दर्शनहरू नै पूर्वीय दर्शनका रूपमा लिने गरिन्छ । पूर्वीय दर्शनअन्तर्गतका भौतिकवादी र द्वन्द्ववादी दृष्टिकोण राख्ने दर्शन नै पूर्वीय दर्शनभित्रका भौतिकवादी दर्शन हुन् । भौतिकवादी भन्नाले जसले पदार्थ, प्रकृति र वस्तुजगत्लाई पहिलो, चेतना र आत्मालाई दोस्रो मान्ने दृष्टिकोणलाई जनाउँछ । पूर्वीय दर्शनमा भौतिकवादको सामान्य रूपमा अध्ययन गर्ने क्रममा पूर्वीय दर्शनसँग सम्बन्धित रामराज रेग्मीको पूर्वीय दर्शनमा भौतिकवाद, मोहन वैद्यको हिमाली दर्शन र भौतिकवादी दर्शन, नारायण प्रसाद आचार्यको द्वन्द्ववाद र पौरस्त्य दर्शन, फ्रिट्जोफ काप्राको ताओ अफ फिजिक्स, राहुल साङ्कृत्यायनको दर्शन दिग्दर्शन, गोपीरमण उपाध्यायको बौद्ध दर्शन, प्रकाश विकल्पको एन्टिथेसिसलगायतका पुस्तकहरूलाई द्वितीय स्रोतको रूपमा अध्ययन गरी पूर्वीय दर्शनअन्तर्गतका दर्शनमा रहेको भौतिकवादी विषयवस्तुहरूलाई छोटकरीमा प्रस्तुत गर्ने प्रयत्न गरिएको छ । इतिहासको अध्ययन गर्दै जाँदा भौतिकवाद र द्वन्द्ववादको थालनी पश्चिमा सभ्यतामाभन्दा पूर्वीय सभ्यतामा पहिले भएको पाइन्छ । पूर्वीय समाजमा उपनिषद्कालीन आचार्य उद्दालक आरूणीले इ. पू. ७०० तिर चेतना पदार्थको उपज हो भन्ने कुरा प्रयोगद्वारा पुष्टि गरिएको पाइन्छ । पश्चिमा सभ्यतामा द्वन्द्ववादको व्याख्याको श्रेय सुकरात र प्लेटोलाई दिइन्छ । तर इ. पू. १२०० देखि ८०० बिचमा वैदिक आर्यहरूको चिन्तनमा द्वन्द्ववादी दिृष्टीकोणहरू भएको अध्ययनले देखाउँछ । त्योभन्दा अगाडि नै जैन र बौद्ध दर्शनले द्वन्द्ववादको अङ्गीकार गरेको पाइन्छ । (रेग्मी, २०७७, पृ. घ) यति हुँदाहुँदै पनि भौतिकवादी ज्ञानको स्रोतका रूपमा भने पश्चिमी सभ्यतालाई नै अगाडि लिइन्छ । त्यस्तै लोकायत, साङ्ख्य, उद्दालक, वैशेषिक दर्शनहरूमा कयौँ विषयवस्तुहरू भौतिकवादी रहेको अध्ययनले देखाउँछ । भारतवर्षबाहेकका चिनियाँ दर्शन र अरब क्षेत्रमा विकास भएको इस्लाम दर्शनमा समेत भौतिकवादी दृष्टिकोणहरू भेटिन्छन् । हाम्रै कमजोरीका कारण, हामी आफ्नो पहलकदमी लिन नसक्दा हाम्रो पूर्वीय सभ्यताको भौतिकवादी ज्ञानको खजाना ओझेलमा परेका छन् । अतः पूर्वीय दर्शनभित्र विद्यमान भौतिकवादी दृष्टिकोणलाई पुनःअन्वेषण, संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ, ताकि तिनलाई आधुनिक बौद्धिक जगत्मा स्थापित गर्न सकियोस् ।

**अध्ययन विधि**

प्रस्तुत शोधलेख दर्शन र पूर्वीय दर्शनसँग सम्बन्धित पुस्तकहरूलाई द्वितीय स्रोतहरूको रूपमा सङ्कलन गरी निगमन विधिका आधारमा त्यसभित्रका भौतिकवादी दृष्टिकोणहरूलाई व्याख्या, विश्लेशन र सङ्क्षेपीकरण गरी तयार

पारिएको छ। मार्क्सको द्वन्द्वात्मक भौतिकवाद र चार्ल्स डार्विनको विकासवादको सिद्धान्तसँग अहिलेको समय र पूर्वीय दर्शनका भौतिकवादी दृष्टिकोणहरूलाई तुलना गरी निष्कर्ष दिने कार्य गरिएको छ।

## सैद्धान्तिक आधार

यस लेखको मूलभूत सैद्धान्तिक आधार पूर्वीय दर्शनलाई भौतिकवादी दृष्टिकोणबाट अध्ययन गर्ने प्रयास हो। पूर्वीय दर्शनलाई अध्यात्म र धर्मसँग मात्र जोडेर अध्ययन गर्ने, बुझ्ने गरिन्छ। यसले गर्दा पूर्वीय दर्शनभित्र रहेका भौतिकवादी दृष्टिकोणहरू छाँयामा पर्न गएका छन्। तसर्थ, यस अनुसन्धानले पूर्वीय दर्शनका विभिन्न धाराभित्र निहीत भौतिकवादी तत्त्वहरूलाई पहिचान गरी तिनको समीक्षा गर्ने उद्देश्य लिएको छ। पूर्वीय दर्शनमा भौतिकवादी दृष्टिकोण राख्ने विचारहरू त छँदै छन्, आध्यात्मवादी दृष्टिकोण राख्ने दर्शनहरूभित्र पनि भौतिकवादको सैद्धान्तिक आधारमा भौतिकवादी दृष्टिकोणहरूलाई खोज्ने प्रयास गरिएको छ। पूर्वीय दर्शनमा आधारित रहेर लेखिएका पुस्तकहरूलाई द्वितीय स्रोतको रूपमा सङ्कलन गरी अध्ययन पश्चात व्याख्या, विश्लेशन र सँलेशन गरिएको छ। पहिलो चरणमा दर्शन, पूर्वीय दर्शन र भौतिकवादको परिचय प्रस्तुत गरिएको छ। त्यसपछि साङ्ख्य, चारवाग, वैशेषिक, उद्दालक, जैन, बौद्ध, न्याय, मीमांसा, वैदिक र वेदान्त दर्शनहरूमात्र नभएर इस्लामिक र ताओवादमा समेत भौतिकवादी सैद्धान्तिक आधारमा त्यस्ता ज्ञान र दृष्टिकोणलाई खोजी गरी छोटकरीमा उल्लेख गरिएको छ। अन्तमा माथि उल्लेखित दर्शनहरूमा रहेका दृष्टिकोणहरूलाई मार्क्सको द्वन्द्ववाद र चार्ल्सडार्विनको विकासवादसँग दाँजेर त्यसकै आधारमा पूर्वीय दर्शनमा भौतिकवादको रक्षा, रूपान्तरण र विकासको आवश्यकता रहेको कुरालाई निष्कर्षमा टुङ्ग्याइएको छ।

## भौतिकवादी दर्शन

भौतिकवादी दर्शन बुझ्नुभन्दा पहिले दर्शन भनेको के हो, भनेर बुझ्नुपर्ने हुन्छ। यहाँ दर्शन, पूर्वीय दर्शन र भौतिकवादी दर्शनको विषयमा चरणबद्ध बुझाउने प्रयास गरिएको छ। साधारणतया प्रकृतिमा भएका हरेक वस्तुहरू, प्रकृति र समाजमा घट्ने हरेक घटना परिघटनाहरू, किन र कसरी हुन्छन् र त्यसको कारण खोज्ने, पत्तालगाउने, विश्लेषण गर्ने दृष्टिकोणलाई दर्शन भनिन्छ। दर्शन शब्द संस्कृत भाषाको 'दृश्' धातु बाट बनेको हो। जसले हेर्नु, जाँच्नु र बुझ्नु भन्ने जनाउँछ। जसको अर्थ परीक्षणद्वारा सत्य पत्ता लगाउनु भन्ने हुन्छ। दर्शनलाई अङ्ग्रेजीमा फिलोसोफी (उजषयिकयउजथ) भनिन्छ। जून उजषभिय र कयउजष्ब मिलेर बनेको छ, उजषभिय को अर्थ प्रेम र कयउजष्ब को अर्थ ज्ञान हुन्छ , जसलाई ज्ञानप्रतिको प्रेमको रूपमा बुझिन्छ। (किरण, २०७८, पृ.४) दर्शनशास्त्रको परिभाषा दिँदै डा.राधाकृष्ण भन्छन् "दर्शनशास्त्र विश्वका समस्याहरूलाई बुझ्ने एक मानवीय प्रयास हो।"यहाँ विश्वका समस्याहरूलाई बुझ्ने मानवीय प्रयासको रूपमा दर्शनलाई लिएको छ। के दामोदरन भन्छन "दर्शन हो के ? हामी जुन जगतमा रहन्छौं र यस जगतसित हाम्रो जुन सम्बन्ध छ , त्यसको समैकित (एकीकृत) अवधारणा नै दर्शन हो। दर्शनले मनुष्यको मूल उत्पत्ति र उसका समस्याहरूको प्रकृति र ब्राह्मण्डको, ज्ञान, विचार, जीवन, कला र धर्मका समस्याहरूको चिन्तन र सत्ताका बिचको मूल सम्बन्धका समस्याहरूको पदार्थ र मस्तिष्कका बिच सम्बन्धका समस्याहरूको व्याख्या गर्दछ। "हेगेलले दर्शनलाई सत्यको संज्ञान बताएका छन्। पश्चिमा दर्शनलाई विज्ञानको विज्ञान पनि भनेर परिभाषित गर्ने गरिन्छ। मार्क्सले भनेका छन "हरेक साँचो दर्शन आफ्नो ठोस समयको विश्वको बौद्धिक सारतत्व हो।" (किरण, २०७४, पृ २) बृहत् नेपाली शब्दकोशमा

"प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन र चेतना बारेको विवेचना विश्लेषण गरिने विद्या दर्शन हो" भनेर परिभाषा उल्लेख गरिएको छ। समग्रमा दर्शनशास्त्र मानव जीवन, ब्रह्माण्ड र अस्तित्वसँग सम्बन्धित आधारभूत प्रश्नहरूको अध्ययन हो। अब दर्शनको विषयमा बुझेपछि पूर्वीय दर्शन के हो? त्यतातिर लागौं; पूर्वीय सभ्यतामा विकास भएका दर्शनहरू नै पूर्वीय दर्शन हुन्। पूर्वीय दर्शन भनेर खास गरेर भारतीय दर्शनलाई नै प्रचारमा लिने गरिन्छ तर त्यतिमात्र नभएर एसिया र अरब क्षेत्रमा हुर्किएका समग्र दर्शनहरू नै पूर्वीय दर्शन हुन्। पूर्वीय दर्शन अन्तर्गतका भौतिकवादी र द्वन्द्ववादी दृष्टिकोण राख्ने दर्शन नै पूर्वीय भौतिकवादी दर्शन हुन्। भौतिकवादी भन्नाले जसले पदार्थ, प्रकृति र वस्तुजगत्लाई पहिलो र चेतना र आत्मालाई दोस्रो मान्दछ त्यो नै भौतिकवादी दर्शन हो।

## पूर्वीय दर्शनमा भौतिकवाद

मान्छेको ज्ञान, सोचाइ, उसले दिने क्रिया, प्रतिक्रियामा कुनै न कुनै रूपमा दार्शनिक दृष्टिकोण अभिव्यक्त भएको पाइन्छ। सचेत मान्छेहरू दर्शनको विषयमा बुझ्ने, जान्ने, खोजी गर्ने र आफूलाई निश्चित दर्शनप्रति झुकाव राख्ने गर्दछन्। पश्चिमा जगतमा विकास भएका दर्शनहरूले पूर्वीय दर्शनलाई ओझेलमा पारेको देखिन्छ। पूर्वीय समाजमा रहेको भौतिकवादी दर्शनले आफ्ना ग्रन्थहरूलाई नै ज्ञानको अन्तिम स्रोत मान्दछ। जसले गर्दा पश्चिमा दर्शनको बोलवाला छ। विज्ञान र प्रविधिको विकासले समाज ओडारदेखि आर्टिफिसियल इन्टेलिजेन्ससम्म आइपुगेको छ। भौतिकवादी दृष्टिकोण राख्नेहरूको सङ्ख्या पनि दिन प्रतिदिन बढ्दै गएको देखिन्छ। विकिपेडियामा प्रकाशित वर्ल्डवाइज इन्डिपेन्डेन्ट नेटवर्क र गालुप इन्टरनेशनल एसोसिएसनको पछिल्लो प्रतिवेदन अनुसार नास्तिक (भगवान नमान्ने)हरूको सङ्ख्या बढिरहेको देखिन्छ। विश्वका बौद्धिक नागरिक बस्ने देश जापानमा जनसङ्ख्याको ६० प्रतिशत नागरिक नास्तिक छन्। सन् २०२० सम्म सिङ्गापुरमा २० प्रतिशत जनसङ्ख्या नास्तिक भएको देखिन्छ। सन् २०१२ तिरै ताईवानमा नास्तिकहरूको सङ्ख्या १२.७ प्रतिशत र चीनमा ५२.२ प्रतिशत पुगेको देखिन्छ। सन् २०१५ तिर दक्षिण-कोरियामा ५६ प्रतिशत रहेको उक्त प्रतिवेदनले औंल्याएको छ। (विकल्प,२०८१, पृ.१२९) यो सङ्ख्या दिन प्रतिदिन बढ्दो छ। यो परिस्थितिमा भौतिकवादी दृष्टिकोण राख्नेहरूको वुझाइमा पूर्वीय दर्शनमा पनि भौतिकवादी ज्ञानका स्रोत छन् भन्ने कुरा सञ्चार गर्नुपर्ने छ। पूर्वीय दर्शनको सन्दर्भमा राहुल साङ्कृत्यायन भन्छन् "समय बित्दै जाँदा हिन्दू आर्यहरूको सामाजिक प्रगति रोकियो। उनीहरूको समाजरूपी शरीरमा सुकेनास लाग्यो। यसको कुनै महत्व भए के कुरामा छ भने उनीहरूको समाज ज्युँदो फसिल भयो। आज त्यो चार हजार वर्षसम्मका पुराना मूर्खताहरूको एउटा गतिलो म्युजियम बनेको छ। युनानी समाज भने परिस्थिति अनुसार फेरिदै गयो। आज यहाँ नव्य शिक्षित भारतीयहरू पनि वेद र उपनिषद्का ऋचाहरूलाई अनन्तकालसम्मका लागि पुग्ने दार्शनिक तत्वहरू सोचेर पहिलैदेखि थन्क्याएर छाडिदिने व्यक्तिहरूका रूपमा मान्दछन्। उता आधुनिक युरोपेली विद्वानहरूले प्लेटो र एरिस्टोलका दर्शनहरूलाई प्रथम र महत्वपूर्ण ईटा हाल्नेहरू ठाने पनि आजको दर्शनधाराका सामु उनीहरूको विचारलाई प्रारम्भिक नै मान्दछन्। " (साङ्कृत्यायन, ई स १९२४) हामी कहाँनेर चुकेका छौं भन्ने कुरा राहुल साङ्कृत्यायनको भनाइबाट बुझ्न सकिन्छ।

खेतीपाती र पशुपालन गरेर मान्छे बस्न थालेको १२,००० वर्ष पहिलेदेखि हो। इ.पू. १०,००० वर्ष पहिले सबै भन्दा पुरानो खेतीपातीमा आधारित बस्ती दक्षिण एसिया मै भेटिएको थियो। त्यसको लगतै पशुपालनको इतिहास भेटिएको थियो। (ढकाल, २०८१, पृ२२८) नव पाषाण युगको सुरूवात नै पूर्वीय भूमिमा भएको पाइनुले पनि

पश्चिमेली सभ्यताभन्दा हाम्रो सभ्यता पुरानो हो भन्ने कुराको पुष्ठि गर्दछ । फिरन्ते जीवन बिताइरहेका मान्छे जब निश्चित ठाउँमा स्थायीरूपमा खेतीपाती गरेर बस्न थाले त्यतिखेरको मानिसको चेतनास्तर ज्यादै कमजोर थियो । ज्ञानको अभावले प्रकृतिको घटना, परिघटनाबाट मान्छे बेखबर थियो । मानिसको चेतनाको विकासक्रम, ज्ञानको विकासक्रम, वैचारिक स्तरको विकासक्रम प्रकृति र मानिसबिचको अन्तरक्रियाले क्रमिकरूपमा अगाडि बढ्दै गयो । यो अन्तरक्रियाको शृङ्खला लामो समयसम्म चल्यो । प्रकृतिमा घट्ने हरेक घटनाहरू मान्छेका लागि अनौठा थिए । मान्छेको चेतनाको विकाससँगै प्रकृतिमा घट्ने हरेक घट्नाहरूप्रति सन्देह प्रकट गर्न थाल्यो । मेघ गर्जनु, वर्षात हुनु, हावाहुरी चल्नु, बाढी आउनु, भुकम्प जानु हरेक घटना परिघटना मान्छेका लागि जिज्ञासाको विषय बन्न पुग्यो । त्यो नै दर्शनको अङ्कुरण थियो। प्रकृतिमा घट्ने घटनाहरूको उत्तर खोज्ने क्रममा आफ्नो जीवनयापनको क्रममा दैनिक जुध्नुपर्ने समस्याहरू त्यतिबेलाको कमजोर चेतनास्तरले समस्या समाधानको खो जीका विषयहरू नै वेदका विषयवस्तु बन्न पुगे । वेदको विषयवस्तु आर्यगणका कर्मकाण्ड र तिनले देवतासँग गरेका स्तुति र प्रार्थना मोक्ष प्राप्तिका लागि नभएर राम्रा वस्तु, राम्रा सन्तान, प्रशस्त पशुधन, पर्याप्त अन्नहरू प्राप्त गर्नु थियो । त्यतिखेर पितु, हतियार, अग्नि, वायु, सूर्य, चन्द्र, पर्वत, जङ्गल लगायतका भौतिक वस्तुहरूले मानिसहरूका भौतिक आवश्यकताहरू पूरा गर्ने गर्दथे । तिनीहरूप्रति श्रद्धा व्यक्त गर्ने क्रममा ती पूजनीय देवताको रूपमा परिणत भए । आर्यगणहरू मेघ, चट्याङ, हुरी, वर्षा आदिबाट भयभित हुन्थे । तिनीहरू, आफ्नै कविलाका शुरवीरहरू, हतियारहरू , आफ्ना सहयोगी पशुहरू यिनलाई नै देवताको रूपमा पुज्ने गर्दथे । ( रेग्मी, २०७७, पृ ख-घ) वेदमा ईश्वरलाई अदृश्य शक्तिको रूपमा नभएर आफ्नो जीवनयापनसँग जोडिएका भौतिक वस्तुहरूसँग जीवनयापनको सहजता र अप्ठ्याराहरू बाट बच्न गरिएको अनुनय-विनय थिए । त्यो त्यतिखेरको कमजोर चे तनाको उपज थियो । ती त्यतिबेलाका चेतनाले बुझेका भौतिकवादी बुझाइ थिए ।

पूर्वीय दर्शनमा भौतिकवाद खोतल्दै जाँदा साङ्ख्य दर्शन, चार्वाक(लोकायत) दर्शन, वैशेषिक दर्शन र उद्दालकको दर्शनहरूलाई भौतिकवादी दर्शन भन्न सकिने कुरा अध्ययनबाट देखिन्छ । जैन दर्शन र बौद्ध दर्शनको जग नै ईश्वर, धर्म-कर्म, रूढिवादी परम्परा अन्यायपूर्ण राज्यको विरोधबाट सुरू भएको छ। ती पूर्ण रूपमा भौतिकवादी नै थिए । पछिमात्र धर्मको रङरोगन लगाइएको पाइन्छ । न्याय दर्शन र मीमांसा दर्शनहरूमा समेत भौतिकवादी दृष्टिकोणहरू पाइन्छन् । वैदिक दर्शनमा प्राकृतिक भौतिकवादी दृष्टिकोण भेटिन्छन् । त्यस्तै भारतवर्षभन्दा इतरका इस्लामिक र ताओवाद पनि भौतिकवादी दृष्टिकोणहरूबाट टाढा छैनन् । यी दर्शनहरूमा कहाँ-कहाँ के कस्ता भौतिकवादी दृष्टिकोणहरू छन् छोटो चर्चा गरौं । साङ्ख्य दर्शन पूर्वीय सभ्यताको नेपाली माटोमा हुर्किएको भौ तिकवादी दर्शन हो । कपिलको साङ्ख्य दर्शन भौतिकवादी रहेको थियो। जसले प्रकृतिलाई प्रमुख मानेको छ। यसमा प्रकृतिलाई सत्व, रज र तमगुण जस्ता परस्पर विपरित गुणहरूको सन्तुलित अवस्था बताइएको छ। यसमा द्वन्द्ववादी दृष्टिकोण पाइन्छ। कपिलका अनुसार सारा संसारको सृष्टि प्रकृतिबाट नै हुन्छ र संसारका सबै वस्तुहरू प्रकृति कै रूपान्तरण हुन् । साङ्ख्य दर्शनमा सतबाट असतको उत्पति हुनेकुरा बताइएको छ। ज्ञान सिद्धान्तको क्षेत्रमा पञ्च ज्ञानेन्द्रिय तत्त्वलाई नै आधार मानेका छन् । साङ्ख्य दर्शनमा प्रत्यक्ष, अनुमान र शब्दलाई प्रमाण मानिएको छ। साङ्ख्य दर्शनको कार्य कारणको सिद्धान्त, मार्क्सवादको द्वन्द्ववादी नियमसँग मेल खान्छ। त्यस्तै उनको गुण सम्बन्धि विश्लेषण माक्सवादकै एकता र सङ्घर्षको नियमसँग मेल खान्छ । जसलाई पूर्णरूपमा भौ तिकवादी भन्न सकिन्छ । (किरण,२०७४, पृ ५४) त्यस्तै चार्वाक दर्शनलाई पनि भौतिकवादी दर्शनकै रूपमा

लिइन्छ। चार्वाक दर्शनलाई लोकायत दर्शन पनि भनिन्छ। यसले पदार्थलाई प्रमुख मानेको छ। चार्वाक दर्शनमा बृहस्पतिसूत्रका अनुसार भूतहरू ( पृथ्वी, पानी, अग्नि र वायू )ले नै चेतनाको सृष्टि गर्दछ तथा चैतन्यको उत्पति हुन्छ। परिवर्तन सम्बन्धी यो दृष्टिकोण नै द्वन्द्ववादी दृष्टिकोण हो। हरेक पदार्थ पिण्डमा गतिको अनिवार्य उपस्थिति रहेको कुरा यसले मान्दछ। चार्वाक दर्शन भौतिकवादी दर्शन हो भन्नेकुराको तथ्यको रूपमा कयौँ दृष्टिकोणहरू विद्यमान रहेको पाइन्छ। जसमा भनिएको छः शरीर र आत्मा एउटै हुन् शरीरविना आत्माको छुट्टै अस्तित्व छैन। यसमा कतै पृथ्वीको स्तुति गरिन्छ भने कतै जलको, कतै अग्नि स्वरूप भौमतेजको विस्तृत स्तवन चलिरहेको छ भने कतै विद्युत् स्वरूप दिव्य तेजको, कतै चन्द्रको त कतै सूर्यको, कतै पर्वतको, कतै मेघ आदिको स्तुति गरेको पाइन्छ। यी सबै विषयहरू भौतिक विषयवस्तुहरू हुन्। यसमा भनिएको छ, पाँच भूतको एकता र सङ्घर्षबाट हरेक जीवको उत्पति भएको कुरा उल्लेख छ (आचार्य, २०७६, पृ.१९१-१९३)। यी लगायत तमाम खालका दृष्टिकोणहरू चार्वाक दर्शनमा भौतिकवादी रहेका छन्। पूर्वीय दर्शनमा भौतिकवादी दर्शनको रूपमा रहेको अर्को दर्शन वैशेषिक दर्शन हो। श्रुतिका रूपमा रहेका वैशेषिक दर्शनका सूत्रहरूलाई सङ्कलित गरी ग्रन्थको रूप दिने काम महर्षि कनादले गरेका थिए। ज्ञान सिद्धान्तको सन्दर्भमा, शरीरका इन्द्रीयहरूको वस्तुसँग सम्पर्क भएपछि मात्र चेतनाको उत्पन्न हुने कुरा उल्लेख गरेका छन्। भौतिक जगतमा आउने सबै परिवर्तनको कारण अनु र प्रमाणुको संयोजन र विच्छेद हो भनेका छन्। उनका भनाइ अनुसार पृथ्वी, जल, तेज र वायुलाई स-साना टुक्रामा विभाजन गर्न सकिन्छ। ती टुक्राहरूलाई स-साना अंशमा तोड्दै जाँदा हामी त्यस अवस्थामा पुग्छौँ; जुन अवस्थामा टुक्राहरूलाई विभाजन गर्न सकिँदैन। पदार्थका ती अविभाजित कणलाई परमाणु भनिन्छ। वर्तमान प्रविधिको युगमा परमाणु सम्बन्धी छुट्टै अवधारणा प्रस्तुत छ तर त्यो समयमा परमाणु सम्बन्धी त्यो स्तरको भौतिकवादी व्याख्या गर्नु चानचुने कुरा थिएन। परमाणु सम्बन्धी सम्पूर्ण जस पश्चिमा जगतलाई दिए पनि यस सम्बन्धी व्याख्या विश्लेषण पूर्वीय जगतमा कनादले गरेका थिए। वैशेषिक दर्शनले दश्चिण एसियाली उप-महाद्वीपमा धार्मिक अतिवादीहरूको चर्को बिगबिगी भएको बेला परमाणु सम्बन्धी व्याख्या विश्लेषण गने आट गरेर वैज्ञानिक चिन्तनलाई अङ्कुरित गर्ने, त्यसलाई हुर्काउने र विकास गर्ने काममा उल्लेखनीय योगदान पुऱ्याएका छन् (रेग्मी, २०७७, पृ १७९-१९८)।

पूर्वीय दर्शनमा अर्को भौतिकवादी दर्शनको रूपमा उद्दालकको दर्शनलाई लिइन्छ। जर्मनी दार्शनिक वाल्टर रुबेनले उद्दालक आरुणीलाई आर्य सभ्यताका पहिलो दार्शनिक भनेका छन्। रुबेनको भनाइ अनुसार “उद्दालक त्यस्ता व्यक्ति थिए, जसले दर्शनमा भौतिकवादलाई प्राचीन पूर्वीय सभ्यतामा प्रतिस्थापित गरेर त्यही भौतिकवादको प्रतिक्रिया स्वरूप नै यग्ज्ञवल्लप जस्ता दार्शनिकहरूले आध्यात्मिकवादलाई जन्म दिएका हुन्। उद्दालक भन्दथे “जगत्को न त सुरूवात थियो न त यसको अन्त्य नै हुन्छ। यो नित्य छ। उनी भन्छन् “प्रकृतिको विकास प्रक्रिया रथको चक्का जस्तै मानिन्छ।” पदार्थलाई प्रधान मान्ने र चेतनालाई त्यसको उपज मान्ने भौतिकवादी चिन्तनको मत उद्दालकसँग मिल्दथ्यो। ज्ञान निकै गहिराइको चिज भएकाले सिकेर सकिने होइन भन्ने मान्यता राख्दथे। सिक्नको लागि सानो ठुलो भन्ने कुरा पनि हुँदैन त्यसमा आग्रही पनि पाल्नु हुँदैन भन्दथे, उनी आफूपनि सिक्नकालागि आफूभन्दा फरक विचार राख्नेकोमा पुग्दथे र सिद्ध भएको कुरामा मात्र विश्वास गर्नुपर्छ भन्ने उनको मान्यता थियो। आफ्नो भनाइलाई व्यावहारिक प्रयोगमा जाँचेरमात्र निष्कर्ष निकाल्ने पहिलो दार्शनिक उद्दालक नै हुन् ( रेग्मी, २०७७, पृ ५३-६७)।

पूर्वीय दर्शनमा भौतिकवादी दर्शनको निकट रहेको दर्शनहरू जैन दर्शन र बौद्ध दर्शनहरू पनि हुन् । यी दुई दर्शनको केही विषयहरू मिल्दाजुल्दा छन् । यी दर्शनहरूको विकास ठ्याक्कै एउटै समयमा नभए पनि सन्निकट इ.पू ६०० देखि ४८० बिच समयमा भएको पाइन्छ । यी दर्शनहरू उस्तैउस्तै पृष्ठभूमिबाट उदाएको देखिन्छ । जुन समयमा अध्यात्मिकवादीहरूको जगजगी थियो। धर्म र सत्ताको आडमा समाजलाई धार्मिक रूढीवाद र शोषणले समाजलाई आक्रान्त बनाएको थियो । त्यसकै विरूद्धमा प्रस्तुत हुने क्रममा यी दर्शनहरूको उदय भएको देखिन्छ । त्यो समयमा धार्मिक अतिवादीहरूको आक्रमण सबैभन्दा बढी यिनै दर्शनले खेप्नु पर्‍यो । ग्रन्थहरू जलाउने देखि भौतिक आक्रमणसम्म खेप्नुपरेको परिस्थिति देखिन्छ । त्यति गर्दा पनि जैन र बौद्ध दर्शनप्रतिको प्रभाव समाजमा कमी नभएपछि यी दर्शनहरूलाई आफैँ ईश्वरको ट्याग लगाइदिएर धर्मको रङरोगन गरिदिई धार्मिक अतिवादीहरूले समाजमा प्रस्तुत गरिदिएका थिए । बौद्ध दर्शनको उदय हुनुभन्दा पहिले जैन दर्शनको उदय भएको देखिन्छ । उपनिषद्कालीन धर्मगुरूहरूको र धार्मिकसत्तामाथि राज्यसत्ताको हैकम भएको बेला धार्मिक सत्ताको विरोधको क्रममा जैन दर्शन अस्तित्वमा आएको देखिन्छ । यस दर्शनले जीव र अजीव दुबैलाई तत्व अथवा द्रव्य मानेको छ । जैन दर्शनका अनुसार यो उत्पति, स्थिति र विनाशको प्रक्रियाबाट गुज्रिन्छ । द्रव्यमा निरन्तर परिवर्तन भइरहन्छ भन्ने मान्यता राख्दछ । वस्तुको परिवर्तनसम्बन्धी जैन दर्शनको मान्यता मार्क्सको मात्रात्मक र गुणात्मक परिवर्तनको व्याख्यासँग मेल खान्छ । युनानी दार्शनिकहरू अनुलाई गतिशील ठान्दछन् भने जैन दर्शनले अनुलाई गतिशील र स्थिर दुबै ठान्दछ। सच्चा ज्ञान त्यो हो , जुन व्यावहारिक प्रयोजनमा आउँछ भन्ने ज्ञान सम्बन्धी मान्यतालाई यस दर्शनले आत्मसात गरेको छ । जैन दर्शनले जीव एउटै छैन अनेक छन्, पदार्थ पनि एउटै छैन अनेक छन् भन्ने यसको दृष्टिकोण बहुलवादी देखिन्छ । यस दर्शनको महत्वपूर्ण खोज स्यावाद सम्बन्धी दृष्टिकोण पनि हो । उसले वस्तुलाई एउटा कोणबाट व्याख्या गर्नुको साटो अनेक कोणबाट व्याख्या गर्न सम्पूर्ण कोणको गठजोडबाट निष्कर्षमा पुग्न द्वन्द्ववादी तरीकालाई अवलम्बन गर्दछ । जैन दर्शनका अनुसार प्रत्येक स्थूल परिणाम कुनै सूक्ष्म परिणामहरू कै फल हो । यसका अनुसार यस जगतलाई जड र चेतन पदार्थहरूका संयोजनको परिणाम मान्दछ । (आचार्य, २०७६, पृ.१२५-१२६) यी विषयहरूलाई केलाउँदा यस दर्शनलाई भौतिकवादी दर्शनको रूपमा लिन सकिन्छ । यस सँगै सन्निकट रहेको दर्शन हो बौद्ध दर्शन । बौद्ध दर्शनलाई अध्यात्मिक दर्शनको रूपमा हेरिएता पनि खासमा बौद्ध दर्शन भौतिकवादी नै थियो । बौद्ध दर्शन समाज रूपान्तरणको उद्देश्यका साथ उदाएको व्यावहारवादी दर्शन हो । बुद्धले मानिस किन दुःखी हुन्छ भन्ने विषयको खोजीको सिलसीलामा कार्यकारण सम्बन्धी शृ‍ृ ला प्रस्तुत गरेका छन् । उनले मानिसलाई दुःखबाट कसरी मुक्त गर्न सकिन्छ भन्ने कुराको खोजको सिलसीलामा महत्वपूर्ण चार विषय अगाडि सारेका छन् । जसलाई 'चार आर्य सत्य' भनिन्छ । जो निम्न छन् :

- दुःख सत्य,
- दुःखसमुदय सत्य,
- दुःखनिरोध सत्य ,
- दुःख विरोध गामिनी प्रतीपद् सत्य (उपाध्याय, २०७६, पृ.१६९-१७४) ।

बुद्धले आत्मालाई काल्पनिक र मिथ्या भनेका छन् । उनी भन्छन "संसारमा न त कुनै छुट्टै आत्मा छ, न त आत्मा जस्तै अन्य वस्तु छ । जीव भनेको भौतिक तत्व र मानसिक तत्व मिलेर बनेको समष्टि रूप हो । " "अझ अको ' विषय के छ भने बुद्धले प्रतिपादन गरेको अनित्यवादको सारसँग कार्लमाक्सद्वारा प्रतिपादित द्वन्द्ववादको निषे

धको निषेध नियमसँग मेल खान्छ। क्षणिकवाद पनि माक्स एङ्गेल्सकै मात्रात्मक परिवर्तन र गुणात्मक परिवर्तनको व्याख्यासँग मेल खान्छ। सामाजिक जीवन पद्धतिबारे के भनेका छन् भने "जहाँ व्यक्तिगत सम्पत्ति हुन्छ, त्यहाँ त्यसप्रति अनुराग उत्पन्न हुन्छ। व्यक्तिगत सम्पत्ति भनेको सामाजिक अन्यायको जड हो" बुद्धले, व्यक्तिगत सम्पत्ति र त्यसको जगमा उभिएको शोषणमा आधारित समाज र त्यसको आधारमा टिकेको राज्यसत्ता अन्त्य हुने विचार व्यक्त गरेका छन्। बौद्ध दर्शनको योगदान दर्शनको क्षेत्रमा मात्र नभएर सामाजिक, राजनीतिक क्षेत्रमा पनि छ। (उपाध्याय, २०७६, पृ १६९-१७६ ) चाखलाग्दो कुरा के छ भने बुद्ध आफै मूर्तिपुजाको विरूद्ध उभिएका थिए, आज उनकै अनुयायीहरूले ठुला ठुला व्यापारी वर्गको सहयोग र संरक्षणमा हजारौं बौद्ध विहार स्थापना गरी बुद्धकै मूर्ति राखी पूजाआजा गर्ने परम्परा बसालेका छन्। जो अन्धविश्वासको विरोधमा जीवनभरि उपदेश दिँदै हिँडे तिनकै मन्दिरमा आज गरीबी , रोगव्याधी, महामारी जस्ता कुराबाट छुटकरा पाउनका लागि पूजा गर्न, प्रार्थना गर्न जान थालेका छन्। जातीय विभेद लगायत विभिन्न खालका सामाजिक विभेदको बिरूद्धमा उभिएका बुद्धकै अनुयायीहरू समाजमा विभेदका रेखा कोरिरहेका छन्। यिनै गतिविधिले बौद्ध दर्शनलाई आध्यात्मवादी दर्शनको कित्तामा राखिएता पनि वास्तविक रूपमा बौद्ध दर्शन भौतिकवादी नै थियो।

यी माथि उल्लेखित दर्शनहरूमा मात्र नभएर न्याय, मीमांसा र वैदिक दर्शनहरूमा समेत भौतिकवादी दृष्टिकोणहरू पाइन्छन्। प्रमाणद्वारा कुनै विषयको परीक्षण गर्ने कुरालाई न्याय भनिन्छ। वस्तुको सिद्ध गर्नका लागि प्रमाणको सहारा लिइने भएकाले न्याय दर्शन भनिएको कतिपयको भनाइ छ। न्याय दर्शनका अनुसार प्रमाणको आधारमा जानकारी हुने विषय प्रमेय हो। मनमा दुई वा दुईभन्दा बढी विकल्प हुने अवस्थालाई संशय भनिन्छ। कुनै विषयको पक्ष-विपक्ष दुबै केलाएर जब निचोडमा पुगिन्छ, त्यसलाई 'निर्णय' भनिन्छ। संशयको निराकरण भयो भने नै निर्णयमा पुगिन्छ। निर्णय गरेपछि सङ्ख्या समाप्त हुन्छ र तत्वज्ञान प्राप्त हुन्छ। यसलाई द्वन्द्ववादको महत्वपूर्ण सुत्र मानिन्छ ( किरण, २०७४, पृ. ६४)। ज्ञानसम्बन्धी धारणामा भनिएको छ "व्यक्तिले आफ्नो इन्द्रीयहरूमार्फत् वस्तुसँगको प्रत्यक्ष सम्पर्कबाट पाउने ज्ञान हो। मानव इन्द्रीयहरूको वस्तुसँग सम्पर्क भएपछि प्राप्त हुने ज्ञान सुस्पष्ट, त्रुटिपूर्ण, भ्रमरहित र निश्च्यात्मक हुन्छ" यो मार्क्सवादले प्रतिपादन गरेको कार्यकारण सम्बन्धी द्वन्द्वात्मक भौतिकवादी विवेचना र न्याय दर्शनले प्रतिपादन गरेको पर्ववत् र शेषवत् सम्बन्धी ज्ञानको व्याख्यासँग मेल खान्छ। यो दर्शनले जगतको उत्पतिको आधारको रूपमा पाँच मूलतत्व- पृथ्वी, जल, अग्नि, वायु र आकाशलाई मान्दछ। रामराज रेग्मी आफ्नो पुस्तकमा उल्लेख गर्छन् "मार्क्सले न्याय दर्शनको अध्ययन गर्न पाएको भए जै न दर्शन द्वन्द्ववादको आधार बन्न सक्थ्यो" (रेग्मी, २०७७, पृ.२२१)। न्याय दर्शनले प्रत्यक्ष अनुभवजन्य ज्ञान नै सही ज्ञान हो भनि भौतिकवादी विचारहरू व्यक्त गरेका छन्। त्यस्तै वैदिक र मीमांसा दर्शनमा पनि भौतिकवादी दृष्टिकोणहरू पाइन्छन्। वेदमा भएका कर्मकाण्डीय अनुष्ठानहरूको विश्लेषण गर्ने क्रममा मीमांसा दर्शनको उदय भएको देखिन्छ। मानिसले जस्तो कर्म गर्छ उस्तै फल प्राप्त गर्दछ, राम्रो कामको फल राम्रो र नराम्रो कामको फल नराम्रो हुन्छ, कर्मको फल यही जुनीमा उपभोग गर्ने हो अर्को जुनीमा होइन, पहिले नै भावीले तैँले यस्तो गर्छस् भनेर लेखेको हुदैन, कर्मको सिर्जना मानिस आफैँले गर्दछ भन्ने जस्ता भौतिकवादी दृष्टिकोण मीमांसा दर्शनमा पाइन्छन्। मीमांसा दर्शनले भौतिक जगत्लाई स्वचालित मान्दछ। जगतलाई संञ्चालन गर्नका लागि ईश्वररीय शक्तिको आवश्यकता पर्दैन। पदार्थभित्र नै गतिशील बनाउने शक्ति विद्यमान हुन्छ। यो जगत् विकास,

ध्वंश र पुनर्निर्माणको प्रक्रियाबाट अगाडि बढेको हुन्छ (रेग्मी, २०७७, पृ.२५२) । यी यस्ता तमाम भौतिकवादी दृष्टिकोणहरू मीमांसा दर्शनमा थिए तर उनका अनुयायीहरूले त्यसलाई बङ्ग्याएर धर्मको बर्को ओढाई विकृत बनाएका थिए । भारतवर्ष बाहेकका पूर्वीय सभ्यताभित्र पर्ने ताओवाद र इस्लामिक दर्शनमा पनि भौतिकवादी दृष्टिकोणहरू पाइन्छन् । ताओवाद चिनियाँ भूमीमा हुर्किएको दर्शन हो । हुन त ताओमार्गी धर्मको रूपमानै बढि परिचित छ । यो धर्म मात्र नभएर दर्शन पनि हो । यो दर्शन उच्च वर्गीय चिनियाँ समाजको शैक्षिक र सामाजिक क्षेत्रसँग सम्बन्धित छ । यसले मानव निर्मित अनुशासन, चालचलन, रीतिरिवाजभन्दा प्राकृतिक स्वतन्त्रतालाई बढी महत्व दिन्छ । ताओवादका प्रवर्तक लाओ त्सेले मानिसलाई प्रकृतिको उपज मान्दछन् । उनका अनुसार वस्तुलाई खुम्च्याउनका लागि पहिले निश्चित रूपमा विस्तार गर्नुपर्छ, दुर्बल बनाउनका लागि पहिले निश्चित रूपमा त्यसलाई बलियो बनाउनु पर्दछ, हटाउनका लागि स्थापित गर्नु पर्दछ, दिनका लागि लिनु पर्दछ, त्यसलाई सही ज्ञान भनिन्छ । ताओवादीहरूका अत्यन्तै महत्वपूर्ण दृष्टिकोणहरूमध्ये एउटा रूपान्तरण र परिवर्तन प्रकृतिका आधारभूत विशेषताहरू हुन् भन्ने अनुभूति थियो । उनीहरू मान्दथे सबै वस्तुहरूको रूपान्तरण र विकास प्रक्रियामा हरेक बिचको आफ्नो एउटा विशिष्टरूप हुन्छ । त्यसमा हामी त्यसको क्रमिक विकास र विनाश देख्दछौं । जुन रूपान्तरण र परिवर्तनको शाश्वत प्रवाह हो (काप्रा,२०२४, पृ.८९) । ताओवाद मान्छेले सुख, शान्ति, समृद्धिका लागि पूजा-आजा नभएर प्राकृतिक नियमको दिनचर्यामा लाग्न जोड दिन्छ । लाओ त्से भन्छन पूर्ण ज्ञानी भनेको त्यो व्यक्ति हो, जसले पुरुषलाई मान्नुको साथै नारीत्वलाई पनि स्वीकार गर्छ । ताओवादले संसारमा हुने सम्पूर्ण परिवर्तन, तत्वहरू बिचको क्रिया-अन्तरक्रियाको रूपमा लिन्छ । हरेक वस्तुहरूमा दुई आयामहरू हुन्छन् एकको अस्तित्व अर्कोसँग जोडिएको हुन्छ । यसरी ताओवादका माथि उल्लेखित विचार दृष्टिकोणहरू भौतिकवादी रहे का छन् (काप्रा,२०२४, पृ. ९०) ।

अरब क्षेत्रभित्र उदाएको इस्लाम धर्म मात्र नभएर एउटा दर्शन पनि थियो । जसले अन्धकारमा गुम्सिएको अरब क्षेत्रलाई उज्यालोमा फर्कायो । यसका संस्थापक हजरत मुहम्मद हुन् । मुहम्मद अरब समाजमा स्थापित आदिम साम्यवादी आदर्शबाट प्रभावित थिए । उनी समताका पक्षधर थिए । उनको राजनीतिक तथा धार्मिक विचार धर्म र सत्ताको शोषण, दमन र अत्याचारको विरुद्धमा खडा भएको थियो । जसको विचार योजनाले अरबी समुदायलाई साझा इस्लाम राज्यको अधिनमा ल्यायो । इस्लाम राज्यको उदयले लाखौंलाख अरबी जनताको जीवनमा कायापलट ल्याउन सफल भयो । त्यसैले इस्लामपथ इस्लामिक जनताको जीवन दर्शन बन्यो । मुहम्मद विचार ज्ञानको स्वतन्त्र अस्तित्वको पक्षमा थिए । उनी आफ्नो धार्मिक प्रवचनमा दर्शन, तर्कशास्त्र, इतिहास र कानुनको बारेमा प्रवचन दिन्थे । यी यस्ता विचार र व्यावहारले उनी कम आध्यात्मिक र बढी भौतिकवादी दे खिन्थे । इस्लामिक सभ्यता र संस्कृति पछिसम्म त्यही बाटोमा हिडिरहन सकेन । तेह्रौं शताब्दीदेखि धार्मिक कट्टर तावादी हाबी हुँदै गए भने बौद्धिकता र समानता जस्ता विषय ओझेलमा पर्दै गए र अन्य धर्म झैं इस्लाम धर्म पनि कट्टरता र रूढीवादी बन्न पुग्यो (रेग्मी, २०७७, पृ.२६७-२८७) । आम आँखाले पूर्वीय सभ्यतामा आध्यात्मिक र धार्मिकतामात्र देखे पनि यो सभ्यताभित्र भौतिक चिन्तन दृष्टिकोणको कमी छैन; कमी भएको छ त केवल यसको वास्तविक ज्ञान, विचार र दृष्टिकोणहरूलाई रक्षा गर्नु, विकास गर्नु र रूपान्तरण गर्नु । योजनाबद्ध र चरणबद्ध यी काम गऱ्यो भने पूर्वीय सभ्यताको भौतिक ज्ञानको वास्तविकतालाई उजागर गर्न सकिन्छ ।

**रक्षा, रूपान्तरण र विकासको आवश्यकता**

कुनैपनि वस्तुको अस्तित्व राखी राख्नु छ भने त्यसको रक्षा, रूपान्तरण र विकास अनिवार्य गर्नु नै पर्दछ । यदि वस्तु ठिक छ र उपयोगी छ भने रक्षा अनिवार्य गर्नुपर्दछ । यदि रक्षा गरिएन भने त्यो सुरक्षित रहन सक्दैन र अन्ततः त्यसको अस्तित्व समाप्त भएर जान्छ । विचार दुष्टिकोण वा ज्ञानको कुरा पनि त्यस्तै हो । यदि ज्ञान ठिक छ भने पहिले त त्यसलाई रक्षाको आवश्यकता पर्दछ । सामन्तवादी व्यवस्थाको स्थापनासँगै शंङ्कराचार्यको अनुयायीहरूबाट त्यतिबेला भौतिकवादी दृष्टिकोण राख्ने जैन र बौद्ध दर्शनका विचारलाई नष्ट गर्ने अभियान नै चलाएका थिए । त्यतिबेला जैन र बौद्ध दर्शनका ग्रन्थहरूको नष्ट गर्ने मात्र नभई तिनका अनुयायीहरूमाथि भौतिक आक्रमण गर्ने काम गरिएको थियो । त्यसरी जैन र बौद्ध दर्शनका ग्रन्थहरू खोजी खोजी जलाउने त्यसका अनुयायीहरूलाई आक्रमण भएपछि भौतिकवादी दृष्टिकोणसँग सम्बन्धित ग्रन्थहरूको लोप हुन थाल्यो । आफ्नो ग्रन्थहरूको रक्षाको लागि बौद्ध दर्शनका ग्रन्थहरूलाई नेपालको पहाडी कन्दरा, तिब्बतको पठार, चिन तथा मंङ्गोलियाका गुफाहरूमा लुकाएर बचाएको पाइन्छ । धेरैपछि प्राचीन सभ्यताको अध्ययनका क्रममा, संस्कृत, तिब्बती, चिनियाँ, मंङ्गोल आदि भाषामा अनुवाद गरिएका ग्रन्थहरूको अध्ययन हुन थालिएको हो ।

मार्क्सवादी विद्वान् राहुल साङ्कृत्यायनले अनेकन दुःख झेलेर चीनको ल्हासा पुगेर भारत र नेपालबाट समेत हराई सकेका अनगिन्ती सामग्रीहरू ल्याएका थिए। (साङ्कृत्यायन, इ स १९४२) यसरी रक्षा गरिएको सम्पत्तिको रक्षाको आवश्यकता अहिले पनि छ । कुनै पनि वस्तुलाई रक्षाले मात्र पनि पुग्दैन थप विकास र रूपान्तरणको पनि त्यतिकै आवश्यकता पर्दछ । दर्शनको सन्दर्भमा मार्क्सले भनेका छन "दार्शनिकहरूले विभिन्न ढङ्गबाट विश्वको केवल व्याख्यामात्र गरेका छन, तर प्रश्न विश्वलाई बदल्नु हो (किरिलेन्को, पृ.१८९) । जगत्लाई बुझ्ने र बुझाउने ज्ञानको रूपमा विकास भएको दर्शनको क्षेत्र बुझ्ने, व्याख्या गर्ने र बदल्ने हुँदै आज प्रारम्भिक मानव सभ्यतादेखि अहिलेको आर्टिफिसियल इन्टेलिजेन्ससम्म आइपुगेको छ, त्यसलाई संश्लेषण गर्ने ठाउँमा पुगेको छ । अहिलेको अध्ययन र ज्ञानको दायरा निकै फराकिलो भैसकेको छ । त्यही अनुरूप हरेक वस्तुलाई सम्पादन र परिमार्जनको आवश्यकता निरन्तर परिरहन्छ। मार्क्सले द्वन्द्वात्मक भौतिकवादको सिद्धान्त नै प्रतीपादन गरेका छन् । जसले वस्तुको विकास र परिवर्तन सम्बन्धी मुख्य तीन नियम प्रस्तुत गरेका छन्। पहिलो " विरोधीमा एकता र संङ्घर्ष" पदार्थ वा प्रकृतिको विकास निश्चित नियमको आधारमा हुने गर्दछ । पदार्थ गतिशील हुन्छ त्यही गतिका कारणले परिवर्तन भइरहन्छ, निष्क्रिय रहँदैन । मार्क्सवादले विरोधीमा एकताको नियम अनुसार परिवर्तन तथा विकास बाह्य तत्वबाट नभएर आन्तरिक संङ्घर्षबाट सञ्चालन हुन्छ । तर प्रविधिमा आएको परिवर्तनले यसको गतिमा प्रभाव पार्न सक्दछ ( सिवाकोटी,२०७४, पृ.२३९) । हामीले दर्शनको सन्दर्भमा यसलाई कसरी लिन सक्छौँ भने पूर्वीय दर्शनमा आध्यात्मिक र भौतिकवादी दृष्टिकोणको आपसी संङ्घर्ष रहेको पाउछौँ । यही निरन्तर आपसी संङ्घर्षले विकास र परिवर्तन हुने कुरा बुझाउँदछ । त्यस्तै दोस्रो नियम छ, " मात्रात्मकबाट गुणात्मक परिवर्तनको नियम"। यस मान्यता अनुसार सबै वस्तुहरूमा मात्रात्मक रूपमा कमबेसी परिवर्तन भइरहन्छ, त्यसबाट सो वस्तुको रूपमा खास परिवर्तन आउँदैन । तर विशेष मात्रमा परिवर्तन भयो भने सो पदार्थको गुण र स्वरूपमा एकाएक परिवर्तन आउँछ (सिवाकोटी, २०७४, पृ.२४०) । यसरी पूर्वीय दर्शनमा मात्रात्मक परिवर्तन आइरहेको छ । यसमा खास भौतिकवादी दृष्टिकोणमा गुणात्मक परिवर्तनको आवश्यकता छ। त्यस्तै तेस्रो नियम हो "निषेधको नियम"। यो नियमले पुरानो वस्तुलाई नयाँ वस्तुले निषेध गरेर नयाँ वस्तुको विकास हुने नियमलाई बुझाउँछ । मार्क्सले

यस नियमलाई कसरी उदारण दिएका छन् भने "जौको बीउबाट बिरूवा उम्रन्छ र बिउको नष्ट हुन्छ, बिरूवाबाट फल लाग्छ र धेरै बिउहरू उत्पादन हुन्छ, बिरूवा सुकेर नष्ट हुन्छ र यसरी विभिन्न चरणमा पुरानो नष्ट भई नयाँ उत्पत्ति हुन्छा" यो नै निषेधको नियम बताएका छन् (सिवाकोटी, २०७४, पृ.२४०) । यस नियमलाई आधार मान्ने हो भने पनि पूर्वीय सभ्यतामा भएको भौतिकवादी ज्ञानलाई बीउको रूपमा रोप्नु पर्दछ, फल लगाएर यसको विकास गर्नुपर्दछ । आज पश्चिमा दर्शनले प्लेटो र एरिस्टोलले जग बसालेको दर्शनबाट अल्वर्ट आइस्टाइन र स्टिफन हकिङ्ग जस्ता वैज्ञानिकहरू हुँदै जुगर्न हाबर्मास, स्लावोज जीसेक, मार्था नुस्बौज जस्ता वैज्ञानिकहरूको दृष्टिकोणसम्म आइपुगेको छ । यो ठाउँसम्म त्यतिकै पश्चिमा दर्शन आइपुगेको होइन, समय अनुसार आफूलाई विकास र परिवर्तन गरेकै कारण उनीहरू अहिलेको आर्टिफिसियल इन्टेलिजेन्ससम्मको समाजमा प्रभुत्व जमाइरहेका छन् । भारतीय भौतिकवादी दिग्गज राहुल साङ्कृत्यायन भन्छन् "सोह्रौं शताब्दीमै आफूलाई धर्मबाट मुक्त नपारेको भए इस्लामिक दर्शनको अवसानपछि युरोपियन दर्शनको पनि पूर्वीय दर्शनको जस्तै हालत हुन्थ्यो । भारतीय समाजमा भने एकपछि अर्को स्कोलास्टिक डागर जन्मेका जन्मै छन् । दर्शनको यस कमार्तनलाई गौरवको विषय ठान्दछन् । उनीहरू विज्ञान र कलाको सहयोगी बन्नु भनेको जीवित प्रकृति प्रयोगको दह्रो आश्रय ग्रहण गरेर आफ्नो सृजना शक्तिलाई बढाउनु हो भन्ने कुराको बुद्धि पलाउँदैन ।" (साङ्कृत्यायन, ई. सं. १९४२, पृ. ३ ) यदि पूर्वीय दर्शनले हिन्दू धर्मको फेरो समातिरहने हो भने यसले पनि एकदिन म्युजियममा थन्किनु पर्ने छ । यदि यसलाई रक्षा, विकास र रूपान्तरणको दिशामा अगाडि बढायौं भने जिवित, क्रियाशील अहिलेको परिवेशलाई भेटाउन सक्ने छ । कुनै पनि वस्तुको विकास एकै पटक भएको छैन । वैज्ञानिक ज्ञान सुरूमा प्रारम्भिक थियो । बिस्तारै बिस्तारै मानव ज्ञानको विकाससँगै अलग-अलग विज्ञानको विकास भएको हो । जीवको अस्तित्वको सन्दर्भमा डार्बिनको विकासवादी सिद्धान्तमा अस्तित्वका लागि संङ्घर्षमा पनि के कुरा उल्लेख गरिएको छ भने जन्तु वा वनस्पतिले विश्वव्यापी रूपमा आफ्नो अस्तित्वको लागि सङ्घर्ष गर्नुपर्ने हुन्छ । अस्तित्वमा रहेका सबै प्राणीहरू बाँच्नकालागि कडा प्रतिस्पर्धामा संलग्न छन् । जसले संङ्घर्षमा आफूलाई अरूबाट सुरक्षित राख्न सक्छ त्यस जातिको नै अस्तित्व रहन्छ (खरेल, २०६४, पृ.११२) । यो जीव विज्ञानको कुरा भए पनि ज्ञान, दर्शनको हकमा पनि यो लागु हुन्छ । कुनै पनि दर्शनले अन्य दार्शनिक विचारहरूसँग संङ्घर्ष र प्रतिस्पर्धा गर्न सकेन भने त्यो लोप हुन सक्छ । त्यसकारण पूर्वीय दर्शनमा भौतिकवादी दृष्टिकोणको रक्षा, विकास र रूपान्तरणको आवश्यकता अपरिहार्य हुन गएको छ ।

## निष्कर्ष

समाज आज ओडारदेखि आर्टिफिसियल इन्टेलिजेन्ससम्मको दुनियाँमा आइपुगेको छ । हिजो दर्शनको अर्थ दुनियाँलाई बुझ्नु भन्नेमा सिमित थियो तर आज दुनियाँलाई बुझ्नु, बदल्नु र बदलिएको वस्तुलाई रक्षा गर्नु भन्ने ठाउँसम्म पुगेको छ तर पूर्वीय दर्शन बुझ्नेमै सीमित रहेको पाइन्छ । जुन समयमा पूर्वीय दर्शन संवृद्ध थियो त्यो यात्रा त्यही रोकियो । त्यसो हुनुको मुख्य कारण पूर्वीय दर्शनको भौतिकवादी पाटो ओझेलमा पर्नु हो अथवा तथ्य र वैज्ञानिक तर्कको आधारमा प्रस्तुत भएका ज्ञान र दृष्टिकोणहरू ओझेलमा पर्नुको कारण हो । वैज्ञानिक तथ्य र तर्कलाई आत्मसात गर्नुपर्ने ठाउँमा धार्मिक फेरो समातेर यथास्थिति मै रुमलिन पुग्यो पश्चिमा समाज भने विज्ञान र प्रविधिको फेरो समातेर दौडिरहेको छ । पूर्वीय सभ्यतामा विकास भएका भौतिकवादी दृष्टिकोणहरू संवृद्ध हुँदाहुँदै पनि आम जनमानसमा ज्ञात हुन सकेको छैन् । यस अध्ययनमा पूर्वीय दर्शनको रूपमा चिनिने दार्शनिक

विचारहरूमा प्रशस्तै भौतिकवादी दृष्टिकोणहरू पाइएको छ। पश्चिमी सभ्यतामा भन्दा पहिले नै पूर्वीय सभ्यतामा अनु-प्रमाणु, गणित, खगोल जस्ता विषयमा त्यतिबेलाको चेतनाले भ्याएसम्मको खोज, अनुसन्धान गरिएको पाइन्छ। पूर्वीय दर्शनमा द्वन्द्ववादी तथा भौतिकवादी दृष्टिकोणहरू उतिकै मात्रामा भेटिएका छन्। तसर्थ प्रस्तुत अध्ययनबाट के निष्कर्षमा पुग्न सकिन्छ भने पूर्वीय दर्शनमा भौतिकवादी दृष्टिकोणहरूको कुनै अभाव छैन तर तिनीहरूलाई पुनः उजागर गर्दै संरक्षण, विकास र आधुनिक आवश्यकताअनुसार रूपान्तरण गर्न आवश्यक छ। समयको माग यही हो कि पूर्वीय भौतिकवादी चिन्तनलाई गतिशील बनाइ आधुनिक विज्ञान र प्रविधिसँग समायोजन गर्नुपर्ने आवश्यकता रहेको छ। तसर्थ पूर्वीय दर्शनमा भौतिकवादी दर्शनको रक्षा, विकास र रूपान्तरणको आवश्यकता रहेको पुष्टि हुन जान्छ।

**कृतज्ञता ज्ञापन**

प्रस्तुत लेख तयार पार्दा आवश्यक सल्लाह सुझाव दिई सहयोग गर्नुहुने सम्पूर्ण विज्ञजनप्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछु।

**सन्दर्भसूची**

आचार्य, नारायण प्रसाद (२०७६). *द्वन्द्ववाद र पौरस्त्य दर्शन.* नेपाल प्रज्ञाप्रतीष्ठान।

उपाध्याय, गोपीरमण (२०७६). *बौद्ध दर्शन सरल अध्ययन.* नेपाल प्रज्ञा-प्रतीष्ठान।

काप्रा, फ्रिटजोफ (२०२४). *ताओ अफ फिजिक्स* (ने.अ. रमेश सुनुवार, राजकुमार श्रेष्ठ र भक्तबहादुर राई, अनुवाद). महेशमान सिँह ढँगोल।

किरण, मोहन वैद्य (२०७४). *हिमाली दर्शन.* साझा प्रकाशन।

किरण, मोहन वैद्य (२०७८). *माक्सवादी दर्शन.* भुँडीपुराण प्रकाशन।

खरेल, दुर्गानाथ (२०६४). *मार्क्सवादी सिद्धान्तको परिचय* (भाग-१). विश्व नेपाल पुस्तक सदन।

ग, किरिलेन्को, कोर्सुनोवा ल., ने.अ. रमेश सुनुवार र नन्दनहरि दाहाल (सम्प.). *दर्शन के हो ?.* प्रगति पुस्तक सदन।

ढकाल, सुरेश (२०८१). *इतिहासअघिको इतिहास.* इन्डिगो इन्क प्रा.लि.।

रेग्मी, रामराज (२०७७). *पूर्वीय दर्शनमा भौतिकवाद.* जागरण बुक हाउस।

विकल्प, प्रकास (२०८१). *एन्टिथेसिस ओडारदेखि आर्टिफिसियल इन्टेलिजेन्ससम्म.* शिखा बुक्स।

शिवाकोटी, गोपाल (२०७४). *राजनीतिक विचारधारा र विश्लेषण.* पैरवी प्रकाशन।

साङ्कृत्यायन, राहुल (१९४२). *दर्शनदिग्दर्शन* (आचार्य, नारायण प्रसाद, सम्प.). अक्षरदीप प्रकाशन।